आज़ादी का अमृत महोत्सव

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

सत्यमेव जयते

G20 भारत 2023 INDIA

# समाचार पत्र

## नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग
NEPAL-INDIA COOPERATION

### नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण



भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मिति २०८० जेठ १७ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण गर्नुभयो । प्रधानमन्त्री प्रचण्डले भारतका माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू र माननीय उप-राष्ट्रपति जगदीप धनखडसँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।

थप जानकारी...

# कूटनीतिज्ञहरुका लागि अभिमुखीकरण प्रशिक्षण कार्यक्रम




अभिमुखीकरण प्रशिक्षण कार्यक्रमकै एक हिस्सा अनुरुप ६ जना युवा भारतीय कूटनीतिज्ञको समूह (२०२२ का ब्याच) र एक भुटानी विदेश सेवाका अधिकारीले मिति २०८० जेठ १९ गते नेपालका परराष्ट्रमन्त्री श्री एनपी साउदसँग शिष्टाचार भेटवार्ता गरे । नेपाल सरकार परराष्ट्र मन्त्रालयले नेपाली समकक्षीसँग अन्तरक्रिया गर्न एक कार्यक्रमको आयोजना गरेको थियो । भारत र नेपालबीचको स्थलमार्ग कनेक्टिभिटीबारे परिचित हुन यी कूटनीतिज्ञहरुले यसअघि भारत हुँदै वीरगञ्जमा अवस्थित एकीकृत जाँच चौकीको अवलोकन गरेका थिए ।

---

# नेपालको मधेस प्रदेशमा एलपीजी ग्यास चुल्हो र सिलिन्डर वितरणका लागि समझदारीपत्रमा हस्ताक्षर






भारत सरकारको कूल नेरु ५ करोड अनुदान सहयोगमा मधेस प्रदेशको महोत्तरी जिल्लाका विपन्न एवम् सीमान्तकृत परिवारलाई ८००० एलपीजी ग्यास चुल्हो, सिलिन्डर र अन्य सामाग्री वितरण गर्न हेतु भारतीय राजदूतावास, काठमाडौं र सुशीला ठाकुर मेमोरियल हेल्थ फाउन्डेसनबीच मिति २०८० वैशाख २१ गते एक समझदारीपत्रमा हस्ताक्षर भयो ।

थप जानकारी...

# ङोन्गा थेक्छोक ध्यान केन्द्रको शिलान्यास





बुद्ध पूर्णिमाको पावन अवसरमा भारतीय राजदूत श्री नवीन श्रीवास्तव र सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुलुङले मिति २०८० वैशाख २२ गते ङोन्गा थेक्छोक छ्योलिङ ध्यान केन्द्रको शिलान्यास गर्नुभयो । भारत सरकारको अनुदान सहयोगमा यस केन्द्रको निर्माण भइरहेको छ ।

---

# खुमजुङ खुण्डे फोहोर पानी व्यास्थापन परियोजनाको शिलान्यास






भारतीय राजदूत र खुम्बु पसाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङ्मा छिरी शेर्पाले भारत–नेपाल विकास सहकार्य अन्तर्गत भारत सरकारको अनुदान सहयोगमा निर्माण हुने खुमजुङ खुण्डे फोहोर पानी व्यास्थापन परियोजनाको मिति २०८० वैशाख २३ गते संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

# सुर्खेतमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको उद्घाटन





२०८० वैशाख २४ गते नेपालका लागि भारतका राजदूत श्री नवीन श्रीवास्तव, कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री श्री खड्ग बहादुर पोखरेल, भेरी गंगा नगरपालिकका मेयर र जिल्ला समन्वय समिति सुर्खेतका प्रमुखले भारत सरकारको अनुदान सहयोगमा सुर्खेतमा निर्माण भएको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

---

# भारत सरकारको अनुदानमा २ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनालाई अघि बढाउन समझदारीपत्रमा हस्ताक्षर





भारत सरकारको अनुदानमा रामेछापमा स्वास्थ्य सेवा र डोटीमा शिक्षाको क्षेत्रमा गरी २ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनालाई अघि बढाउन मिति २०८० जेष्ठ ३ गते भारतीय राजदूतावास, काठमाडौं र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच एक समझदारीपत्रमा हस्ताक्षर भयो । यी परियोजनाको कूल अनुमानित लागत नेरु ८.०३३ करोड रहेको छ ।

थप जानकारी...

**May 2023 © Embassy of India, Kathmandu.**

# छुटाउनुभयो कि !

## प्रधानमन्त्री मोदीको जापान, पपुवा न्यू गिनी र अष्ट्रेलिया भ्रमण




जी–७ र क्वाड सहित तीन वटा बहुपक्षीय शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री मोदीले २०८० जेष्ठ ६ देखि ११ गतेसम्म जापान, पपुवा न्यू गिनी र अष्ट्रेलियाको भ्रमण गर्नुभयो ।

थप जानकारी...

May 2023 © Embassy of India, Kathmandu.

आज़ादी का अमृत महोत्सव

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

सत्यमेव जयते

G20 भारत 2023 INDIA

# छुटाउनुभयो कि !

## अपरेसन कावेरी सफलतापूर्वक सम्पन्न






विदेश मन्त्री एस. जयशंकरले २०८० वैशाख २२ गते 'अपरेसन कावेरी' सम्पन्न भएको घोषणा गर्नुभयो । यस अपरेसनमार्फत द्वन्दग्रस्त सुडानबाट झण्डै ४००० जना मानिसलाई उद्धार गरिएको थियो । सुडानमा अलपत्र परेका भारतीय नागरिकलाई उद्धार गर्न हेतु भारत सरकारले 'अपरेसन कावेरी' सुरु गरेको हो । सुडानको सेना र अर्धसैनिक बलबीच भएको युद्धमा परि ५०० भन्दा बढीले ज्यान गुमाइसकेकेका छन् ।

थप जानकारी...

May 2023 © Embassy of India, Kathmandu.